कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या:५२, २०७९-२०८४
मिति २०८१/११/०९ को
निर्णय प्रमाणित ..........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५२, २०७९-२०८४)

**मितिः २०८१ फागुन ९ गते**

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८२/०८३ का लागि समपुरक अनुदान सम्बन्धी कार्यबिधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी संघीय सरकारमा माग गरी पठाउने ।

**संघीय सरकारमा माग गर्ने समपुरक योजनाः**

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय देखी पूर्व दक्षिण चटार स्कुल हुदै मन्नापुर सम्म सडक स्तरोन्नति | १० | |
| २ | सिमरी पक्की पुलदेखी रोहीणी खोला जोड्ने प्रतिक्षालय हुदै ने.रा.प्रा.वि. स्कुल सम्म सडक स्तरोन्नति | १३ | |
| ३ | रत्नराजमार्ग संग जोडिएको वाटो-सिद्धार्थ टोल हुदै फुलवारी टोल सम्म, सडक स्तरोन्नती | १ | |

**संघीय बिशेष तर्फः**

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | ज्ञानज्योती मा.बि. चप्परगौडी प्रशासनिक भवन निर्माण | १२ | |
| २ | मुक्ति आ.वि. कोहलपुर २ विद्यालय भवन तथा पर्खाल निर्माण | २ | |
| ३ | बबई टोल युवराजको घर देखि भवानीपुर हुदै पुर्व नहर सम्म बाटो स्तरोन्नती | ९ | |

३. यस अघिको नगर कार्यपालिकाको मिति २०८१/०७/१४ गतेको निर्णय नं २० "स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (Local Infrastructure Support Program- आ.व. २०८१/०८२ मा सह-लगानीमा कार्यान्वयन गरिने योजना" मा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम | नगरपालिकाबाट सहलगानी | LISP बाट सहलगानी |
|---|---|---|---|---|---|
| १ | महेश खतिवडाको घर देखि महेन्द्र राजमार्ग जोड्ने बाटोमा नाली निर्माण, कोहलपुर २ | २ | २५ लाख | १० लाख | १५ लाख |



पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मोतिनगर चोक देखि पूर्व स्केटिंग पार्क सम्म सडक कालोपत्रे, कोहलपुर ३ | ३ | २५ लाख | १० लाख | १५ लाख |
| ३ | गुजर टोलको बाटो कालोपत्रे, कोहलपुर ४ | ४ | २५ लाख | १० लाख | १५ लाख |
| ४ | पृथ्वीनगर ट्रान्सफर्मर चोकदेखि शिव मन्दिर जोड्ने बाटो कालोपत्रे, कोहलपुर ५ | ५ | ३५ लाख | १४ लाख | २१ लाख |
| ५ | रझेना स्कुलदेखि चटिया टोल सडक स्तरोन्नती, कोहलपुर ५ | ५ | २० लाख | ८ लाख | १२ लाख |
| ६ | गोविन्द थारुको घरदेखि हरि प्रसाद थारुको घर सम्म र सिताराम थारुको घर देखि नहर सम्म सडक स्तरोन्नति, कोहलपुर ६ | ६ | २५ लाख | १० लाख | १५ लाख |
| ७ | वडा कार्यालयदेखि रत्न राजमार्ग तथा वडा नं. ९ को सिमानासम्म जोड्ने सडक स्तरोन्नति, कोहलपुर ८ | ८ | ५० लाख | २० लाख | ३० लाख |
| ८ | बबई टोल भिम बहादुर थापाको घर देखि भगवती बस्नेतको घर सम्म नाली निर्माण, कोहलपुर ९ | ९ | ३० लाख | १२ लाख | १८ लाख |
| ९ | रत्न राजमार्ग देखि जिबन ज्योति स्कुल गेट सम्म नाली निर्माण, कोहलपुर १० | १० | २५ लाख | १० लाख | १५ लाख |
| १० | सैनिक नगर हुँदै पुरै टोलको सडक स्तरोन्नती कोहलपुर ११ बाँके | ११ | २५ लाख | १० लाख | १५ लाख |
| ११ | महेन्द्र राजमार्गदेखि गितासिंह ठकुरीको घरसम्म सडक स्तरोन्नती | ११ | १५ लाख ५५ हजार | ६ लाख २२ हजार | ९ लाख ३३ हजार |
| १२ | शान्तिटोल, पानस होटल र निबुवा टोल बाटो स्तरोन्नती, कोहलपुर १२ | १२ | ३० लाख | १२ लाख | १८ लाख |
| १३ | डुँडुवा खोलामा पुनमुखिया टोलमा तटबन्धन निर्माण, कोहलपुर १२ | १२ | २० लाख | ८ लाख | १२ लाख |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | कालिका मन्दिर देखि को.न.पा. १३ वडा कार्यालयसम्म बाटो कालोपत्रे, कोहलपुर १३ | १३ | ६० लाख | २४ लाख | ३६ लाख |
| १५ | सुर्खेत राजमार्ग देखि उढारपुर गाउँ जाने बाटो स्तरोन्नति, कोहलपुर १४ | १४ | २५ लाख | १० लाख | १५ लाख |
| १६ | चौधरिया देखि परसेनिपुर जाने सडक स्तरोन्नती, कोहलपुर १५ | १५ | २० लाख | ८ लाख | १२ लाख |
| जम्मा | | | ४ करोड ५५ लाख ५५ हजार | १ करोड ८२ लाख २२ हजार | २ करोड ७३ लाख ३३ हजार |

४. चालु आ.ब. २०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (Local Infrastructure Support Program) मा छनौट भएका योजनाहरुको ठेक्का आव्हान पश्चात बाँकी रकममा देहाय बमोजिमका योजनाहरुलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने ।

तपसिलः

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | बुद्धचोकदेखि पूर्व पट्टीबाट DVS जोड्ने बाटो स्तरोन्नती, कोहलपुर ६ | |
| २ | फुलबारी टोलमा अधुरो नाली निर्माण, कोहलपुर १ | |
| ३ | मधेसी मुस्लिम टोलका भित्री बाटोको स्तरोन्नती, कोहलपुर ९ | |
| ४ | चौधरिया चोकदेखि वडा कार्यालयसम्म सडक स्तरोन्नती, कोहलपुर १५ | |
| ५ | साइनिङ स्टार चोकदेखि नहरसम्म नाली निर्माण, कोहलपुर ८ | |

५. यस नगरपालिका अन्तर्गतका विभिन्न समितिहरुको निर्णय बारेमा बैठकमा जानकारी गराईयो । उक्त निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने ।

क) नगर शिक्षा समितिको मिति २०८१/११/०५ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

ख) विपद व्यवस्थापन समितिको मिति २०८१/११/०६ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । समितिको सिफारिस बमोजिम राहत उपलब्ध गराउने ।

ग) आर्थिक विकास समितिको मिति २०८१ मंसिर ०४, पौष ९ र २४, माघ ४ गतेको निर्णयहरु अनुमोदन गर्ने ।

घ) बसपार्क व्यवस्थापन समितिको २०८१ फागुन ८ गतेको निर्णयहरु अनुमोदन गर्ने ।

६. यस नगरपालिकाबाट छात्रबृत्ति वितरण प्रयोजनार्थ विद्यालय(सामुदायिक) तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि प्रदान गरिने छात्रबृत्ति व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१ स्वीकृत गर्ने ।

७. कोहलपुर नगरपालिकाको बालविकास केन्द्र समायोजन कार्यबिधी, २०७६ संशोधन गर्ने र नियमानुसार कार्यान्वयन गर्ने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या:५२, २०७९-२०८४
मिति २०८१/११/०९ को
निर्णय प्रमाणित ..........

८. कोहलपुर न.पा. सरस्वती सामुदायिक वनमा सार्वजनिक प्रयोजनका लागि १ थान समरसेल धारा जडान गर्ने र उक्त कार्यको भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२,५०,०००।— भुक्तानी गर्ने ।

९. कोहलपुर नगरपालिकाले भूमी सम्बन्धी कामकाजमा सहजीकरण गर्न गत आ.ब. मा गठित अधिकार सम्पन्न समितिलाई यस आ.ब. मा समेत निरन्तरता दिने । साथै यस आ.ब. मा भूमी सम्बन्धी कामकाजका लागि विनियोजित रु.५०,००,०००।—(पचास लाख) बजेट तथा कार्यक्रम ब्रेकडाउन स्वीकृत गर्ने।

१०. यस नगरपालिका अन्तर्गत करारमा कार्यरत विभिन्न कर्मचारीहरुले व्यक्तिगत कारण देखाई पेश गरेको राजिनामा स्वीकृत भएकोमा यस नगरपालिकाको नगर अस्पतालको दरबन्दी तेरिज बमोजिम रिक्त मेडिकल सुपरिटेन्डेण्ट (अधिकृतस्तर नवौं तह) पद संख्या १ करार सेवामा कोहलपुर नगरपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ एवं प्रचलित कानून बमोजिम हुने गरी पदपूर्ति गर्ने ।

११. महिला स्वयंसेविकाहरुलाई यातायात खर्च वापत कोहलपुर नगरपालिकाको प्रशासकीय खर्च कार्यबिधी बमोजिम सहभागी स्थानीय यातायात खर्च सरह रु.५०० का दरले मासिक रुपमा १(एक) पटकका लागि मात्र उपलब्ध गराउने ।

१२. कोहलपुर न.पा. ११ स्थित नयाँ बसपार्क स्थित सार्बजनिक शौचालयका लागी प्रयोग हुँदै आएको समरसिबल पम्पको मिटर बक्स मर्मत र गेट बल्व मर्मत गरे वापत भुक्तानीका लागि फेसबुक मल्टी सर्भिसेज प्रा.लि. नेपालगञ्ज, बाँकेबाट निवेदन पेश भएकोमा स्थलगत अनुगमनबाट सिफारिस भए अनुसार भैपरी आउने चालु शीर्षकबाट रु.५,१७५।— भुक्तानी दिने ।

१३. गुरुङ्ग राष्ट्रिय परिषद कोहलपुर इकाई समिति, बाँकेको च.नं. ८७ मिति २०८१/११/०७ को पत्रानुसार नगर स्तरीय गुरुङ्ग सांस्कृतिक समाज घरको लागि कोहलपुर न.पा. २ मुक्त कमैया टोलमा कि.नं. ६ को २ कठ्ठा जग्गा संरक्षण गर्न घेरबारका लागि सहयोग माग सम्बन्धी पत्र प्राप्त भएकोमा घेरबारका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२,००,०००।— उपलब्ध गराउने ।

१४. २०८१ साल फागुन १५ गते पर्न गएको ४३औं राष्ट्रिय मगर एकता दिवस (पर्व)को दिन कोहलपुर नगरपालिका र नगरक्षेत्रभित्रका सम्पूर्ण विद्यालय एवं संघसंस्थाहरुमा सार्वजनिक विदा दिने । उल्लेखित दिवस(पर्व) मनाउने सम्बन्धमा नेपाल मगर संघ, नगर कार्यसमिति, कोहलपुर, बाँकेबाट पेश भएको प्रस्तावना स्वीकृत गरी उक्त दिवस कार्यक्रम सञ्चालनका लागि नेपाल मगर संघ, नगर कार्य समिती, कोहलपुर लाई सि.नं. ५१५ मगर दिवस कार्यक्रम खर्च शीर्षकबाट रु.२(दुई) लाख रकम उपलब्ध गराउने ।

१५. यातायात व्यवस्था कार्यालय कोहलपुर शाखाको उदघाटनको क्रममा टेन्ट, कुर्चि लगायतका सामाग्री उपलब्ध गराए वापत एवं कार्यालय उदघाटन कार्यक्रम सञ्चालनका क्रममा भएको खर्चको भैपरी आउने चालु खर्च शीर्षकबाट रु.२५,०००।- भूक्तानी दिने ।

१६. कोहलपुर नगरपालिका वडा नं. १० निवासी श्री पुतली देवि भण्डारीलाई कोहलपुर नगर प्रहरीको भे.१झ. ३६८ नं. को गाडीले ठक्कर दिई चोटपटक लागी उपचार भईरहेकोमा संलग्न बील



पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

भरपाई बमोजिम हालसम्मको उपचार खर्चमा लागेको रकम मध्ये भुक्तानी हुन बाँकी रकम रु.२९,४८०।— अन्य सामाजिक सहायता शीर्षकबाट भुक्तानी दिने ।

१७. यस नगरपालिकाको सभाहलमा मिति २०८१/१०/२१ गते सञ्चालन भएको योग तथा ध्यान शिविर २०८१ को खर्च वापत वार्षिक नीति, बजेट तथा पुस्तिका सि.नं. २६ कर्मचारी तथा जनप्रतिनिधीका लागि क्षमता विकास तालिम शीर्षकबाट रु.१,२८,३२३।४४ भुक्तानी दिने ।

१८. निलसागर सेवाश्रम शाखा कार्यालय कोहलपुरको मिति २०८१/१०/०९ गतेको पत्रानुसार मिति २०८१/१०/१५ गतेदेखि २३ गतेसम्म कोहलपुर न.पा. वडा नं. ११ स्थित खुलामञ्चमा भएको भू तपस्या कार्यक्रममा भएको खर्च वापत तिलसरा टेन्ट हाउसलाई रु.३१,२५०।— भूक्तानी दिने ।

१९. कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुका लागि आ.ब. २०८०/०८१ मा विघुतीय हाजिर उपकरण जडान वापत प्रफेक्ट एक्टिभ सोलुसनलाई रु.७,५३,७१०।- भुक्तानी दिन बाँकी रहेको र उक्त रकम गत आ.ब. को भुक्तानी दिन बाँकी दायित्व शीर्षकमा समेत छुट भई मिति २०८१/०९/०३ को कार्यपालिका बैठकबाट रु.७,२०,०००।— भुक्तानी दिने निर्णय भएतापनि उक्त निर्णयमा समेत रु.३३,७१०।— छुट भएकाले उक्त छुट रकम समेत गरी रु.७,५३,७१०।- यस कार्यालयको भैपरी चालु वा अन्य मिल्दो शीर्षकबाट भुक्तानी दिने ।

२०. उज्जवल निर्माण सेवा प्रा.लि. र कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बीच कवाडी मालसामान, जडीबुटी बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन कार्यका लागि भएको मिति २०८०/१२/०८ को सम्झौता बमोजिम उक्त सम्झौताको म्याद २०८१ फागुन मसान्त सम्म रहेकोमा उक्त प्रा.लि. ले सम्झौताको म्याद थप गरी पाउँ भनि निवेदन पेश गरेकोमा सम्झौताको बुँदा नं. १० मा उल्लेख भए अनुसार दुवै पक्षको सहमतिमा कार्यपालिकाको बैठकबाट सम्झौता अवधि थप गर्न सकिने व्यवस्था बमोजिम २०८२ असार मसान्त सम्म म्याद थप गर्ने ।

२१. कोहलपुर नयाँ बसपार्कमा रहेको ४०० KVA क्षमताको विद्युत मिटर बक्सका कारण व्यवसायीहरुले बिद्युत महशुल शुल्क महङ्गो पर्न गएको भनी पटक पटक गुनासो आएकाले सो को सट्टा १०० KVA क्षमताको विद्युत मिटर बक्स जडानका लागि नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्रमा सिफारिस गर्ने।

२२. कोहलपुर नगरपालिका अन्तर्गत नगर अस्पताल, नगर स्वास्थ्य प्रबर्द्धन केन्द्र एवं आधारभूत स्वास्थ्य केन्द्रहरुका साथै यस नगरपालिका भित्र औषधीको उपलब्धतालाई सर्बसुलभ बनाउन नगरपालिका मार्फत फार्मेसी सेवा प्रदान गर्न फार्मेसी सञ्चालन तथा व्यवस्थापन कार्यबिधी तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा पेश गर्नका लागि विद्यायन समितिलाई निर्देशन दिने ।

२३. कोहलपुर नगरपालिका वडा नं. ७ को आधारभूत स्वास्थ्य केन्द्रको आफ्नै भवन नभएका कारण स्वास्थ्य सेवा प्रवाह प्रभावित भएकाले हाललाई कम्तिमा ४ कोठे भवन भाडामा लिई आधारभूत स्वास्थ्य केन्द्रको सेवा प्रवाह गर्ने ।

२४. यस नगरपालिकाको वडा नं. ८ र वडा नं. १५ अकलघरवामा समरसिबल धारा जडान गर्न प्राबिधिक लागत अनुमान बमोजिम सि.नं. १०७ खानेपानी पूर्वाधार साझेदारी शीर्षकबाट स्रोत सुनिश्चित हुने गरी खानेपानी व्यवस्थापन गर्ने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

२५. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित लक्ष्मी नारायण मन्दिरमा रंगरोगन लगायतका मर्मत सम्भार कार्यका लागि भैपरी आउने पूँजिगत शीर्षकबाट रु.२,५०,०००।— उपलब्ध गराउने ।

२६. कोहलपुर न.पा. वडा नं. १४ बाँकेमा निर्माणाधिन ब्याटमिन्टन हल श्री राम मा.वि., कोहलपुर १४ लाई हस्तान्तरण गर्ने ।

२७. नेपाल पर्यटन बोर्डको मिति २०८१/१०/०७ गतेको पत्रानुसार यस नगरपालिका अन्तर्गत कोहलपुर न.पा. वडा नं. ८ मा जैविक पार्क पूर्वाधार निर्माण शीर्षकमा रु.५,००,०००।- बिनियोजन भई आएकोमा उक्त रकममा नियमानुसार पालिकाबाट साझेदारी गर्नुपर्ने थप रकममा पालिकाको तर्फबाट समपुरक कोषबाट रु.१,००,०००।- व्यवस्थापन गरी निर्माण प्रक्रिया अगाडी बढाउने ।

२८. महिला उद्यमी संघ, बाँकेले महिला उद्यमीहरुद्वारा उत्पादित बस्तुहरुको प्रबर्द्धन तथा बजारीकरणका लागि लुम्बिनी प्रदेश स्तरीय प्रदशनी कार्यक्रमका लागी सहयोग माग भई आएकोमा वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ४३ विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.५१,०००।— उपलब्ध गराउने ।

२९. कोहलपुर न.पा. वडा नं. १० अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अवस्थित २ कोठाको पुरानो भवन अत्यन्तै जीर्ण रहेकोमा उक्त भवन भत्काउनका लागि वडा समितिको मिति २०८१ फागुन १० गतेको निर्णय सहित अनुरोध भई आएकाले आवश्यक प्रकृया पुरा गरी उक्त २ कोठे भवन भत्काउन अनुमति दिने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख